प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**वायु प्रदूषणबाट जोगिने उपाय**

- वायु प्रदूषणवाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौ,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रुखविरुवा रोपौ, हरियाली बढाऔं र वनजङ्गल जोगाऔं ।
- वायु प्रदूषणको असरबाट बचौ र बचाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ । । अङ्क : ८७ ॥ २०८२ वैशाख २२ गते सोमबार (5th May 2025 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-

# कक्षा १२ को परीक्षामा १८८२६ विद्यार्थी सहभागी



झापा(प्रस) । देशभरका परीक्षा केन्द्रमा आइतवारदेखि कक्षा १२ को परीक्षा शुरु भएको छ ।

परीक्षामा ५ लाख ११ हजार ५ सय २५ जना परीक्षार्थी सहभागी भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ। नियमिततर्फ ३ लाख ९५ हजार ९ सय ८ र आंशिक १ लाख १५ हजार ६ सय १७ जना विद्यार्थी परीक्षामा सहभागी भएका हुन् ।

५ हजार २ सय २ विद्यालयका विद्यार्थीलाई कक्षा १२ को परीक्षा दिन १ हजार ५ सय ९१ परीक्षा केन्द्र तोकिएको बोर्डले जनाएको छ । जसमध्ये जापानस्थित एभरेस्ट स्कुलबाट ३८ जना विद्यार्थी त्यहींको केन्द्रबाट परीक्षामा सहभागी छन् । झापामा १८ हजार ८२६ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् । ४९ वटा परीक्षा केन्द्रमा नियमिततर्फ १४ हजार ८८६ र आंशिकतर्फ ३ हजार ९४० जना विद्यार्थी परीक्षामा सहभागी भएका हुन् ।

७७ जिल्लामध्ये सबैभन्दा कम मनाङबाट ४५ जना र सबैभन्दा बढी काठमाडौंबाट ६८ हजार १ सय ३३ जना परीक्षार्थी छन् । मनाङ र मुस्ताङमा १-१ वटा र काठमाडौंमा सबैभन्दा धेरै १ सय ६२ वटा परीक्षा केन्द्र तोकिएको बोर्डले जनाएको छ ।

जेठ २ सम्म सञ्चालन हुने परीक्षामा ४८ हजार २ सय ९ जना जनशक्ति खटिएका छन् । नेपाल शिक्षक महासंघको शैक्षिक हड्तालसहितको काठमाडौं केन्द्रित सडक आन्दोलनले वैशाख ११ देखि तोकिएको परीक्षा १० दिन पछाडि सरेको हो । परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले विज्ञप्ति जारी गर्दै परीक्षालाई स्वच्छ, मर्यादित, अनुशासित, व्यवस्थित र विद्यार्थीमैत्री बनाउन अपिल गरेका छन् ।

कर्णाली प्रदेशबाट सबैभन्दा कम ३८ हजार ८ सय ८८ र बागमती प्रदेशबाट सबैभन्दा धेरै १ लाख ३५ हजार २ सय ४० परीक्षार्थी सहभागी छन् । बोर्डका अनुसार कोशीबाट ८२ हजार ८ सय ७१, मधेशबाट ६९ हजार ८ सय ८ जना, गण्डकीबाट ४३ हजार ३ सय ४९, लुम्बिनीबाट ९० हजार ६ सय ७८ र सुदूरपश्चिमबाट ५० हजार ६ सय ५४ जना विद्यार्थी परीक्षामा सहभागी छन् ।

परीक्षाको अनुगमन र निरीक्षण गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समिति गठन गरिएको छ । समितिले परीक्षा अनुगमन तथा पर्यवेक्षण गरिरहेको छ । परीक्षा सञ्चालन अवधिभर केन्द्राध्यक्षबाहेकलाई परीक्षा केन्द्रमा मोबाइल फोन लैजान बोर्डले रोक लगाएको

❖ बाँकी अन्तिम पृष्ठमा

# विद्यालय कर्मचारीले हातमा कालोपट्टि बाँधेर काम गरे

झापा(प्रस) । देशभरका विद्यालय कर्मचारीहरूले हातमा कालोपट्टि बाँधेर काम गरेका छन् । नेपाल शिक्षक महासंघसँग सरकारले गरेको ९ बुँदे सहमतिप्रति असहमति जनाउँदै देशभरका विद्यालय कर्मचारीहरूले हातमा कालोपट्टि बाँधेर काम गरेका हुन्। ९ बुँदे सहमतिमा विद्यालय कर्मचारीहरूको पारिश्रमिक नेपाल सरकारले तोकेअनुसार हुने भन्ने थियो। विद्यालय कर्मचारीहरूले



आन्दोलन थालेका हुन्।

नेपाल विद्यालय कर्मचारी परिषद्ले पहिलो चरणको आन्दोलन घोषणा गरेअनुसार आइतवार विद्यालय कर्मचारीहरूले हातमा कालोपट्टि बाँधेर काम गरेका हुन्। ९ बुँदे सहमतिमा विद्यालय कर्मचारीहरूको पारिश्रमिक नेपाल सरकारले तोकेअनुसार हुने भन्ने थियो। विद्यालय कर्मचारीहरूले तोकेबमोजिम भनेको कति हो भनेर प्रश्न गरेका छन्। यसअघि आन्दोलनका क्रममा महासंघले विद्यालय कर्मचारीको तलब निजामती कर्मचारी सरह (नासु-खरिदार) हुनुपर्ने माग गरेको थियो । तर, सहमति गर्दा भने त्यो विषय संशोधन गर्दै सरकारले तोकेबमोजिम हुने भनेर उल्लेख गरिएको थियो । परिषद्ले उक्त विषयमा आपत्ति जनाउँदै आन्दोलनको घोषणा गरेको छ। सोहीअनुसार आइतवारदेखि आन्दोलनको सुरुवात गरेका हुन्। परिषद् अध्यक्ष गंगाराम तिवारीले महासंघले विद्यालय कर्मचारीलाई धोका दिएको बताएका छन् ।

उनले विगतमा सरकारले आफूसँग गरेको सहमतिअनुसार माग सम्बोधन नहुँदासम्म आन्दोलन गर्ने चेतावनी दिएका छन्। परिषद्ले जेठ ९ र १० गते माइतीघर मण्डलामा धर्ना दिने कार्यक्रम राखेको छ।

# मुख्यमन्त्री कार्कीद्वारा समाजवादीलाई पार्टी एकताको प्रस्ताव !



झापा(प्रस) । विभिन्न १७ वटा विषयका १३८ बुँदे मागपत्र बुझाउन कोशी प्रदेशको मुख्यमन्त्री कार्यालय पुगेका एकीकृत समाजवादीका नेताहरूलाई मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पार्टी एकता गर्ने प्रस्ताव गरेका छन् । नेकपा एमालेका स्थायी समिति सदस्यसमेत रहेका मुख्यमन्त्री कार्कीले औपचारिक कार्यक्रम समापनपछि अनौपचारिक छलफलका क्रममा दुई गौरवशाली पार्टी मिलाएर एउटै गौरवशाली पार्टी बनाउने प्रस्ताव गरेका हुन् ।

एकीकृत समाजवादीका उपमहासचिवसमेत रहेका पूर्वमुख्यमन्त्री राजेन्द्र राई, पोलिटब्युरो सदस्यहरू महेश रेग्मी, राजन राई, प्रदेश अध्यक्ष सरिता खड्का लगायतका तीन दर्जन नेताहरू आइतबार मुख्यमन्त्री कार्यालय पुगेका थिए ।

ज्ञापनपत्रमा उनीहरूले 'हाल प्रश्न उठिरहेको गिरीबन्धु टी-स्टेटको जग्गा विषयमा भएको अनियमितताको उच्च स्तरीय छानबिन गर्न माग' गरे । यस्तै प्रदेश सरकारको विकास निर्माणमा हुने ढिलासुस्ती, गुणस्तरको ग्यारेन्टीको अनुगमन निरीक्षण गर्न शक्तिशाली संयन्त्र निर्माण गर्न र फजुल खर्चको कटौतीमार्फत सरकार सञ्चालनलाई मितव्ययी बनाउन पनि उनीहरूले माग गरेका छन् ।

कृषि, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, ऊर्जा तथा विद्युतीकरण, शिक्षा र रोजगारी लगायत १७ वटा विषयमा १३८ बुँदा माग राखिएको छ । सो माग राख्ने सन्दर्भमा एकीकृत समाजवादीकी प्रदेश अध्यक्ष सरिता थापा खड्काले 'गौरवशाली पार्टी नेकपा एकीकृत समाजवादी पार्टी' भनेकी थिइन् ।

सोही कुरालाई लिएर मुख्यमन्त्री कार्कीले पनि भने, 'यो अनौपचारिक कुरा हो, तर दुई वटाले गौरवशाली पार्टी किन भन्ने ? दुईवटै गौरवशाली मिलाएर एउटै गौरवशाली बनाऔं ।' समाजवादीका नेताहरूले उनको प्रस्तावमाथि कुनै जवाफ दिएनन् ।

मुख्यमन्त्री कार्कीले समाजवादी पार्टीले राखेका अधिकांश माग र मुद्दाहरू जायज रहेको पनि बताए । 'तपाईंहरूले राखेका मागहरू जायज छन्,' उनले भने, 'प्रदेश सरकारले ल्याउन लागेको नीति तथा कार्यक्रमका लागि पनि यो माग पत्रले सहयोग गर्नेछ ।'

पूर्वमुख्यमन्त्री राजेन्द्र राईले भने आफूहरूको माग पूरा नभए आन्दोलन गर्ने चेतावनी समेत दिए । 'हामीले शान्तिपूर्ण ढंगले माग पत्र बुझाएका छौं । यसलाई त्यही ढंगले सहजताका साथ पूरा गर्न आग्रह गर्दछौं,' राईले भने, 'हाम्रा माग पूरा नभए हामी सडक आन्दोलन गर्न बाध्य हुनसक्छौं ।'

मागपत्रमा प्रदेश नामकरणको विषयमा उठेको पहिचानको आवाजलाई सम्बन्धित पक्षसँग वार्ता र छलफल गरी निकास निकाल्नुपर्ने, मुकुम्लुङ (पाथीभरा) केबलकार निर्माणको विषयमा उत्पन्न विवाद प्रदेश सरकारले स्थानीय सरोकारवाला पक्षसँग छलफल र वार्ता गरी समाधान निकाल्न आवश्यक पहल गर्न पनि भनिएको छ ।

# भद्रपुरमा स्कुटर दुर्घटनामा परी एकजनाको मृत्यु



झापा(प्रस) । भद्रपुरमा स्कुटर दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भद्रपुर नगरपालिका-२ गौरीशंकर निवासी ३५ वर्षीय अनिल लिम्बू रहेका छन् ।

आइतवार राति ८.४५ बजे मेची राजमार्गको चारआली-केचना सडकखण्डअन्तर्गत भद्रपुरबाट बनियानीतर्फ गइरहेको प्र १-०१-०१२ प ९९३७ नम्बरको स्कुटर भद्रपुर-४ स्थित झापा चोकदेखि दक्षिण बाहुनगाउँमा अनियन्त्रित भएर दुर्घटना भएको थियो । दुर्घटनामा परी स्कुटर चालक दमक नगरपालिका- २ बस्ने २९ वर्षीय रबिन फुयल सकुशल रहेका छन् । स्कुटर पछाडि सवार लिम्बूको टाउकोमा गम्भीर चोट लागेकोले उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुरमा पठाइएको थियो । लिम्बूको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

वैदेशिक रोजगारीका लागि विदेश जानका लागि बिर्तामोडको एक म्यानपावर पुगेर उनीहरू फर्किँदै थिए । लिम्बूलाई स्कुटर चालक फुयल घर छोड्न आएका थिए । वडा प्रहरी कार्यालय भद्रपुरले स्कुटर र स्कुटर चालक फुयललाई नियन्त्रणमा लिएको छ ।

झापा जिल्लामा नौ महिनामा सवारी दुर्घटनामा परी ७० जनाको मृत्यु भएको छ । चालु आर्थिक वर्षको साउनदेखि चैतसम्म नौ सय ६६ सवारी दुर्घटना हुँदा उक्त मानवीय क्षति भएको हो ।

दुर्घटनामा मृत्यु हुनेमा ५३ पुरुष, १२ महिला र पाँच बालबालिका रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक गणेश पौडेलले जानकारी दिए ।उनका अनुसार नौ महिनामा दुर्घटनामा परी एक सय १७ जना घाइते, एक हजार ४२७ जना सामान्य घाइते भएका छन् ।

त्यस अवधिमा एक हजार ४१३ सवारी साधन दुर्घटना भएकोमा त्यसमा सबैभन्दा धेरै आठ सय ७६ मोटरसाइकल, एक सय ६२ टेम्पो, एक सय ४१ जीप कार, ४५ बस, २८ ट्र्याक्टर, २२ ट्रक, सात टिपर, दुई/दुई डोजर र माइक्रो तथा सात वटा अन्य सवारीसाधन रहेका छन् ।

# दमकमा अष्टचिरञ्जीविको पहिलो मन्दिर उद्घाटन

दमक(प्रस) । झापाको दमकमा अष्टचिरञ्जीविको पहिलो मन्दिर सञ्चालनमा आएको छ । दमक ७ बराह टोलस्थित लेखनाथ मार्गमा रहेको पौड्याल वंशोद्धार केन्द्रीय समिति भवन परिसरमा दाताहरुले १० लाखभन्दा बढीको लागतमा मन्दिर निर्माण गरी समितिलाई हस्तान्तरण गरेका हुन् । केही बर्षअघि हङकङमा भएको अग्नीकाण्डमा परेर मृत्युवरण गरेकी आयुषा निरौलाको स्मृतिमा उनकी आमा शान्तादिदीले सो मन्दिर निर्माण गरिदिएकी हुन् ।

मन्दिरभित्र गणेशको मूर्ति दमक ७ का स्वर्गीय रिवाज पौड्यालको स्मृतिमा उनकी हजुरआमा शान्ता पौड्यालले प्रदान गरेकी हुन् । सो मन्दिरको पौड्याल वंशोद्धार केन्द्रीय समिति र दमक नगर समितिद्वारा संयुक्तरुपमा आयोजित कार्यक्रमबीच उदघाटन गरिएको छ ।

बैशाख १५ देखि १७ गतेसम्म बिधिपूर्वक सो मन्दिरको प्राण प्रतिष्ठा गरी उद्घाटन गरिएको वंशोद्धार समिति दमकका सचिव हरिप्रसाद पौड्यालले जानकारी दिए । उनका अनुसार कोशी प्रदेशमै यो अष्टचिरञ्जीविको मन्दिर दोश्रो हो । कोशीमा यस किसिमको अष्टचिरञ्जीवि देवताको मन्दिर विराटनगरमा मात्रै छ । सार्वजनिक रुपमा सबैका लागि सधैं खुल्ला राख्नेगरी निर्माण गरिएको यो मन्दिरको उद्घाटन पौड्याल वंश महासंघका संस्थापक अध्यक्ष लोकनाथ पौड्यालको प्रमुख आतिथ्य र दमक ७ का वडाध्यक्ष भिम पौड्यालको विशेष आतिथ्यमा गरिएको छ ।

समितिको जिम्मामा आएको सो मन्दिरको व्यवस्थापन तथा रेखदेख अब पौड्याल वंशोद्धार नगर समितिले नै गर्नेछ । हिन्दु संस्कार अनुसार हरेक मानिसले आफ्नो जन्मोत्सवमा अष्टचिरञ्जीवि देवताको पूजाआजा गर्ने गर्छन । अष्टचिरञ्जीवि देवताको पूजा गर्नाले दिर्घायु रहने धार्मिक विश्वास छ ।

यस किसिमको धार्मिक सम्पदा दमकमा रहनु सिंगो दमक नगरका लागि गर्वको बिषय भएको वडाध्यक्ष भिम पौड्याल बताउँछन् । पौड्याल वंशोद्धार समितिले यस क्षेत्रका हिन्दु धर्मावलम्बीहरुलाई हरेक जन्मोत्सवमा निसंकोच सो मन्दिरमा आएर पूजाआजा गर्न पाउनेगरी खुल्ला राखेको छ । यो मन्दिरमा कसैमाथि पनि जाति, धार्मिक, लिङ्गका आधारमा विभेद हुँदैन । सबैले सधैं यहाँ आएर आफ्नो इच्छा अनुसार पूजाआजा गर्न, मन्दिर दर्शन गर्न सक्ने वंशोद्धार नगर समिति अध्यक्ष झपटबहादुर पौड्यालले बताए ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

## गिरीद्वारा राहत कोषमा ५१ हजार सहयोग

झापा(प्रस) । झापा गोल्डकपका अध्यक्ष केदार गिरीले बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषका लागि ५१ हजार एक सय रुपैयाँ सहयोग गरेका छन् ।

व्यवसायीको हितका लागि स्थापना गरिएको कोषको प्रशंसा गर्दै उनले बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई उक्त रकम प्रदान गरेका हुन् ।

बिर्तामोड उद्योग वाणिज्य संघले आपत विपतमा परेका व्यवसायीलाई तत्काल राहत उपलब्ध गराउने उद्देश्यले एक करोड रुपैयाँ बराबरको कोष स्थापना गरेको छ । सो कोषमा एक करोड रुपैयाँ नपुगुन्जेल आफूले जन्मदिनमा ५१ हजार एक सय रुपैयाँ सहयोग गरिरहने अध्यक्ष गिरीले बताए । कञ्चन निर्माण सेवाका सञ्चालकसमेत रहेका गिरी सामाजिक क्षेत्रमा सक्रिय छन् । उनले बिर्तामोड उद्योग वाणिज्य संघमा आफ्नो जन्मदिन मनाउँदै अरुलाई समेत सहयोग पुऱ्याउन आग्रह गरे ।

सो अवसरमा अध्यक्ष गिरीलाई बिर्तामोड उद्योग वाणिज्य संघले कदरपत्रसहित सम्मान गरेको छ । संघका अध्यक्ष न्यौपाने, व्यवसायी सदस्य राहत कोषका संयोजक राजकुमार घिमिरे राजु, संघका महासचिव कुशल खतिवडाले संयुक्तरुपमा सम्मानपत्र प्रदान गरेका थिए ।

### सांसदहरूको...

हुन् । राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले सरकारले उक्त कलेजका लागि एनओसी दिने प्रक्रिया रोक्नुपर्ने बताए ।

त्यस्तै नेपाल कम्युनिस्ट पार्टी( एकीकृत समाजवादी)का सांसद मदनकुमारी साहले केआइआइटीका लागि एनओसी रोक्न माग गर्दै अभिभावकलाई पनि सचेत हुन आग्रह गरिन् । आकस्मिक समयमा जनता समाजवादी पार्टी नेपालका मोहम्मद खालिद, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका शेखरकुमार सिंह र नेपाली कांग्रेसका कृष्णबहादुर रोकायले केआइआइटीमा नेपाली विद्यार्थीको मृत्युबारे छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारले निरन्तर पहल गर्नुपर्ने माग गरे । घटनाको छानबिन र दोषीमाथि कारबाहीको माग गर्नेहरूमा माओवादीका गङ्गाकुमारी बेल्वासे र नेपाल कम्युनिस्ट पार्टी(एमाले)का सुमित्रा बिसी थिए ।

### कक्षा १२...

छ । परीक्षा केन्द्रहरूमा विद्युतीय माध्यमबाट प्रश्नपत्र पठाइने व्यवस्था गरिएको शर्माले बताए ।

प्रश्नपत्र बाहिर पठाएको आरोपमा विद्यार्थी पक्राउ

परीक्षाको गोपनीयता भंग गरेको आरोपमा पाँचथरको याङवरक गाउँपालिका-४ स्थित थर्पु मावि परीक्षा केन्द्रबाट एकजना परीक्षार्थी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सोही केन्द्रमा परीक्षा दिइरहेका सिरिजङ्ग मावि, गोपेटारका छात्र निशेक काम्बाङ रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरका निमित्त सूचना अधिकारी (प्रहरी निरीक्षक) रुपेश तामाङले जानकारी दिए । उनका अनुसार काम्बाङले आइतबार कक्षा १२ को अंग्रेजी विषयको परीक्षा सुरु भएलगत्तै मोबाइलमार्फत प्रश्नपत्र बाहिर पठाएको आरोप छ । परीक्षा गराउन खटिएका केन्द्राध्यक्षसहितका शिक्षक कर्मचारीले काम्बाङद्वारा प्रश्नपत्र आउट भएकाले कारबाही गरी पाउँ भनी प्रहरीमा जाहेरी दिएका थिए । लगत्तै उनलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ । उनको साथबाट प्रश्नपत्र फोटो खिचेर बाहिर पठाउन प्रयोग भएको मोबाइल फोनसमेत बरामद गरिएको छ ।

# गौरादहमा गोरुको मासुसहित पाँचजना पक्राउ



झापा(प्रस) । झापाको गौरादहमा गोरुको मासुसहित पाँचजना पक्राउ परेका छन् ।

शनिवार राति १ बजेतिर गौरादह नगरपालिका वडा नम्बर-१ क्रसर उद्योग छेउमा बहर काटिसकेर मासु बोरामा हालेर जाँदै गर्दा उनीहरु पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा गौरादह -१ बस्ने २९ वर्षीय शंकर लिम्बू , सोही ठाउँ बस्ने ५३ वर्षीय भागीप्रसाद नेम्वाङ , ४५ वर्षीय तिलबहादुर नेम्वाङ ,१९ वर्षीय जितबहादुर नेम्वाङ र ३४ वर्षीया सुकमती नेम्वाङ रहेका छन् ।

गोरुको मासु बोरामा हाली लाँदै गरेको अवस्थामा प्रहरीले फेला पारी सोधपुछ गर्दा उनीहरुले गौरादह -१ बेलडाँगी पानीट्याङ्की छेउ बस्ने शंकर लिम्बूको घरमा बहर काटी मासु ल्याएको बताएका थिए । त्यसपछि लिम्बूको घरमा गई हेर्दा निलो प्लाष्टिक ओछ्याई बोरा, डोको र सेतो बाल्टीमा बहरको टाउको, खुट्टा, छाला, अण्डकोष फेला परेको थियो ।

अन्दाजी १५० केजी बहरको मासुसहित उनीहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय दमकमा ल्याइएको छ । उनीहरुमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बिर्तामोड नगरपालिकाको
## अत्यन्त जरुरी सूचना

**यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।**

**अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।**

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

"समुदायमा आधारित पारदर्शी, सबल, सक्षम, बित्तिय तथा व्यवसायिक सहकारी"
र.न. ३/१/७(७८)०५३/५४   श्री   पान नं. ३०२०६०६४३
**सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**Satashi Multipurpose Cooperative Society Ltd.**
Grow With Us
प्रधान कार्यलय :- बिर्तामोड-५, झापा
सम्पर्क नं. : ०२३- ५४५२८७   ई-मेल : satashi87@gmail.com   वेवसाइट : satashi.coop.np

## धितोमा रहेको अचल सम्पति लिलाम बिक्रि सम्बन्धि ३५ दिने अत्यन्त जरुरी सुचना

प्रकाशन मिति २०८२ बैशाख २२ गते

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको ऋण सुविधा संस्थासँग ऋण लिँदाको बखत गरेको शर्त अनुसारको तोकिएको समयमा तिर्नु/बुझाउनु पर्ने साँवा तथा ब्याज नतिरी/नबुझाई ऋण सम्बन्धी सर्त उल्लंघन गर्नु भएको तथा पटक पटक लिखित तथा मौखिक तरतागेता गर्दा समेत ऋण भुक्तान नगर्नु भएको र मिति २०८१ माघ ०३ गते कर्जा चुक्ता गर्ने ३५ दिने सुचना प्रतिदिन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै पहल नगरी आलटाल गरेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पति जहाँ जे जस्तो अबस्थामा छ सोही अबस्थामा डाक बढाबढ प्रकृयाबाट लिलाम बिक्री गरी सहकारीको लेना रकम असुल उपर गरी लिनु पर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ३५ दिने धितो लिलाम डाक बढाबढ सूचना प्रकाशित गरिएको छ । उक्त मितिभित्र नतिरे नबुझाएमा सहकारी ऐन २०७४ र यस सतासी बहुउद्देश्यीय सहकारी संस्था लि.को विनियम २०५३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएका मितिले ३६औं दिनमा बिर्तामोड नगरपालिका वडा नं. ०५ कृषिथोकमा रहेको संस्थाको मुख्य कार्यालयमा तपशिल बमोजिमको जग्गा धितो सम्पति जहाँ जे अबस्थामा छ सोही अबस्थामा लिलाम डाक बढाबढ प्रकृयामार्फत लिलाम बिक्री गरिने हुदा इच्छुक महानुभावहरु समेतको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । धितो सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन, नियमावली तथा प्रचलित कानुन अनुसार ऋणीको अन्य जायजेथा श्रीसम्पती बाट बाँकी साँवा, ब्याज हर्जना तथा अन्य दैदस्तुर असुल उपरका लागि अन्य कानुनी प्रकृया अगाडि बढाईने ब्यहोरा ऋणी तथा सम्बन्धित सबैलाई यो सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धन जमानीको विवरण | धन जमानीको विवरण |
|---|---|---|
| नाम : **उषा नेपाली श्रेष्ठ**<br>ठेगाना : मेचीनगर ०६<br>ना.प्र.नं : ०५२१०८५५९, झापा<br>बाबुको नाम : कृष्णलाल नेपाली<br>बाजेको नाम : प्रेमलाल नेपाली<br>पतिको नाम : श्याम कुमार श्रेष्ठ | नाम : **देव कुमारी श्रेष्ठ**<br>ठेगाना : मेचीनगर ०६<br>ना.प्र.न : ०५३१८०१६, झापा<br>बाबुको नाम : प्रेम बहादुर श्रेष्ठ<br>बाजेको नाम : गन्ज बहादुर श्रेष्ठ<br>पतिको नाम : हरि कुमार श्रेष्ठ | नाम : **देव कुमारी श्रेष्ठ**<br>ठेगाना : मेचीनगर ०६<br>ना.प्र.नं : ०५३१४३८, झापा<br>बाबुको नाम : हरि कुमार श्रेष्ठ<br>बाजेको नाम : नारायण दास श्रेष्ठ<br>पत्नीको नाम : उषा नेपाली श्रेष्ठ |
| धितोको विवरण : झापा जिल्ला साबिक नकलबन्दा गा.बि.स वडा नं. ०८, हाल मेचीनगर ०६ स्थित कित्ता नं. १३७५ क्षेत्रफल ०-१-०-० | | |

**लिलाम डाक बढाबढसम्बन्धी अन्य शर्तहरु:**

१. धितो लिलाम डाक बढाबढ कार्यमा सहभागी हुन इच्छुक ब्यक्ति स्वयम् उपस्थित हुनु पर्ने छ ।
२. डाक बढाबढ हुँदा धितो लिन इच्छुक ब्यक्तिले आफूले बोलकबोल गरेको रकमको १० प्रतिशत रकम सोही स्थानमा नै बुझाउनु पर्ने छ ।
३. उल्लेखित धितो सम्बन्धी जानकारीका लागि संस्थाको कार्यालय बिर्तामोड ०५ कृषिथोक बिर्तामोडमा सम्पर्क राख्न वा संस्थाको टेलिफोन न. ०२३-५३३७३ र ०२३-५६५३१७ मा सम्पर्क राख्न सकिने छ ।
४. धितो लिलाम डाँक बढाबढबाट धितो सकार गर्नेले सकार गरेको ७ (सात) दिन भित्रमा सम्पुर्ण रकम संस्थामा बुझाई मालपोत कार्यालयबाट आफ्नो नाममा नामसारी गर्नु पर्नेछ ।
५. धितो लिलाम डाँक बढाबढ स्वीकृत गर्ने नगर्ने अन्तिम निर्णय धितो लिलाम डाँक बढाबढ उपसमितिमा निहित रहनेछ ।
६. धितो लिलाम डाँक बढाबढ हुने स्थान बिर्तामोड नगरपालिका ०५ कृषिथोक स्थित मुख्य कार्यालयमा हुने छ ।
७. धितो लिलाम डाँक बढाबढ हुने मिति २०८२ जेष्ठ २६ गते सोमबारका दिन । सो दिन बिदा परेकमा कार्यालय खुलेको दिन बिहान ११:०० बजे ।

## नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा, फोन नं. ०२३-५३३०५६

## ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२२

**यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित गरिएकाले प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत) चुक्ता गर्नुहुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा तपशिलका ऋणी वा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**

| ऋणीको विवरणः | धितो जमानत धनजमानीको विवरण |
|---|---|
| ऋणीको नामः बिरेन्द्र उदास<br>बाबुको नामः डिल्लीराम उदास<br>बाजेको नामः गंगा बहादुर उदास<br>ना.प्र.नं.: ०४-०१-७३-०२२५३<br>जारी मितिः २०७३/०२/१७<br>ठेगाना स्थाईः बिर्तामोड ०७, झापा<br>ठेगाना हालः बिर्तामोड ०४, झापा | नामः बोरिस उदास<br>बाबुको नामः बिरेन्द्र उदास<br>बाजेको नामः डिल्लिराम उदास<br>ना.प्र.नं. : ०४-०१-६९-०९१००<br>जारी मितिः २०६९/०८/१२<br>ठेगाना स्थाई : अनारमनी ४<br>ठेगाना हालः अनारमनी ४ |
| **धितोको विवरणः**<br>जग्गाधनीको नामः बिरेन्द्र उदास<br>बाबुको नामः डिल्लिराम उदास<br>बाजेको नामः गंगाबहादुर उदास<br>पतिको नामः छविरमण अधिकारी<br>ठेगानाः अनारमनी १, झापा<br>सिट नं. १/१७९०१९८, १/१७९०१९८<br>कि.नं. ३४२ र १७८<br>क्षेत्रफलः ८४.६८ र ६७७.२६ वर्गमिटर | |

## मिति २०८१माघ १ गतेदेखि २०८१ चैत्र मसान्तसम्मको सूचनाकोहक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धीनियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

| क.स. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | कम्पनी ऐन, २०६३वमोजिम स्थापनाभई वैंक तथावित्तीय संस्था सम्बन्धी ऐन,२०७३वमोजिमकारोवार गर्ने गरी नेपाल राष्ट्र वैंकबाट इजाजतपत्रप्राप्त कोशीप्रदेश कार्यक्षेत्र भएको "ख"वर्गको विकास वैंक हो । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | वैंक तथावित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा भएवमोजिमकाकाम, कर्तव्य र अधिकार रहेको छ । |
| ३ | निकायमा रहने कर्मचारी सख्या र कार्य विवरण | हाल स्थायी, अस्थायी, करार समेत गरि जम्माकर्मचारी सख्या२७५ रहेको र बैंकले तोकेको कार्यहरुविभिन्नपदमाकार्यरत कर्मचारीहरु मार्फत सम्पादनभइरहेका छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | वैंक तथावित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिमप्रदेश स्तरको "ख"वर्गकोविकास वैंकले दिन सक्ने सम्पूर्ण वैंकिङ्ग सेवाहरुप्रदान गरिरहेको छ । |
| ५ | सेवाप्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सेवाप्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण वैंकको वेभसाईट www.edb.com.np मा उपलब्ध छ । |
| ६ | सेवाप्रदान गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर सम्बन्धमाविकास वैंकले विनियममाउल्लेखभएअनुसारतथापत्रिकामा सार्वजनिक सूचनाप्रकाशन गरे वमोजिम र अवधिको हकमाकामको प्रकृतिअनुसार फरक पर्नेछ । |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी | बैंकिङ्ग कारोवारका सम्बन्धमाविभिन्नप्रकारका निर्णयहरु विभिन्नतहकाअधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाइएको छ । नियमितकार्य संचालन सम्बन्धमाप्रमुखकार्यकारी अधिकृत तथाविकास वैंकको सञ्चालक समितिअन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | प्रमुखकार्यकारी अधिकृतडा. ईन्द्रकुमार कट्टेल<br>एक्सेल डेभलपमेन्ट वैंक लिमिटेड, केन्द्रीयकार्यालय, विर्तामोड, झापा ।<br>फोन नं. ०२३ ५३४०१० |
| ९ | सम्पादन गरेको कामको विवरण | वैंक तथावित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिमप्रदेश स्तरको"ख"वर्गका विकास वैंकहरुले गर्न सक्ने दैनिक कारोवारहरु सम्पादनभईरहेको छ । |
| १० | सुचनाअधिकारी र प्रमुखको नाम र पद | सूचनाअधिकारी :श्यामवहादुर वोहोरा (कम्पनी सचिव) र प्रमुख :डा. ईन्द्रकुमार कट्टेल ( प्रमुखकार्यकारी अधिकृत) |
| ११ | ऐन, नियम, विनियमवानिर्देशिकाको सूची | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहायवमोजिमको नियम, विनियम र निर्देशिकाहरु वैंकिङ्गकार्यको लागिप्रमुख रुपमा रहेका छन ।<br>(१) वेंक तथावित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (२) नेपाल राष्ट्र वैंक ऐन, २०५८<br>(३) बैंक तथावित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ (४) कम्पनी ऐन, २०६३<br>(५) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (६) सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>(७) धितोपत्र सम्बन्धि ऐन, २०६४ (८) सुरक्षित कारोवार ऐन, २०६३<br>(९) मुलुकी देवानी संहिता, २०७४ (१०) विनिमयअधिकारपत्र ऐन, २०३४<br>(११) विदेशीविनिमय(नियमित गर्ने) ऐन, २०१९<br>(१२) आयकर ऐन, २०५८(१३) धितोपत्रखरिद (सार्वजनिकनिष्कासन) सम्बन्धीनिर्देशिका,२०७३<br>(१४) उपरोक्त ऐन वमोजिमका सम्पूर्ण नियमतथाविनियमहरु<br>(१५) नेपाल राष्ट्र वैंकबाट विभिन्न समयमाजारी गरिएकासम्पूर्ण निर्देशनतथा परिपत्रहरु<br>)१६) बैंकले तयार गरि जारी गरेका नीति, निर्देशिका, कार्यविधितथाविनियमहरु |
| १२ | आम्दानी, खर्च तथाआर्थिक कारोवार सम्बन्धीअद्यावधिकविवरण | बैंकको आम्दानी, खर्च तथाआर्थिक कारोवार सम्बन्धी त्रैमासिकअद्यावधिकविवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामाप्रकाशितहुदै आएको छ भने वित्तीय संस्थाको वेभसाईट www.edb.com.np मा समेत तीविवरणहरु राखिएको छ । |
| १३ | तोकिएवमोजिमकाअन्यविवरण | बैंकले आवश्यकतावमोजिमकाविवरणहरु नियमित रुपमा सम्वन्धितनिकायहरुमा पेश गरिने तथा सार्वजनिकप्रकाशन गरिने व्यवस्था रहेको । |
| १४ | अघिल्लो आ.व.मा सार्वजनिकनिकायले कुनै कार्यक्रमवाआयोजना संचालन गरेको भए सो को विवरण | यस बैंकले वैकिङ्ग कारोवार सम्बन्धीकार्य गर्दै आएको छ । विशेष प्रकारको कुनै कार्यक्रमवाआयोजना संचालन गरेको छैन । |
| १५ | सार्वजनिकनिकायको वेवसाईट भए सो को विवरण | यस बैंकको वेभसाईट www.edb.com.npहो । |
| १६ | सार्वजनिकनिकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदानएवं प्राविधिक सहयोग र संझौता सम्बन्धीविवरण | नभएको । |
| १७ | सार्वजनिकनिकायले संचालन गरेको कार्यक्रम र सो को प्रगतिप्रतिवेदन | बैंकले त्रैमासिक रुपमाआर्थिक विवरण र वार्षिक प्रतिवेदनप्रकाशित गर्ने गरेको र बैंकको वेभसाईटमा पनिउपलब्ध गराईएको छ । |
| १८ | सार्वजनिकनिकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | नभएको । |
| १९ | सार्वजनिकनिकायमा परेका सूचनामाग सम्बन्धीनिवेदन र सो उपर सूचनादिएको विवरण | यस अवधिमाकुनै सूचनामाग सम्बन्धिनिवेदनप्राप्तनभएको । |
| २० | सार्वजनिकनिकायका सूचनाहरु अन्यत्रप्रकाशनभएमावाहुने भएको भए सो को विवरण | वार्षिक विवरणहरु पुस्तकको रुपमाप्रकाशितभई बैंकको वेभसाईटमा समेत राखिएको छ । साथै वैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामाप्रकाशित गरि वेवसाईटमा समेत राखिएको छ । |
| २१ | सूचनातथागुनासो सुनुवाई डेस्क | बैंकको केन्द्रीयकार्यालयमासूचनाअधिकारी/मानव संशाधनविभागप्रमुखको संयोजकत्वमा सूचनातथागुनासो सुनुवाई डेस्क रहेको । |

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.** तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सामाजिक सञ्जाल कम चलाऔं

**सामाजिक सञ्जालको प्रयोगले मानसिक स्वास्थ्यमा उल्लेखनीय असर पार्न सक्छ जसले गर्दा प्रायः 'साइको–साइकोटिक सिन्ड्रोम' मा योगदान पुर्‍याउँछ। जसमा चिन्ता, डिप्रेसन र अन्य मनोवैज्ञानिक समस्या बढ्छन्।**

**यो अत्यधिक प्रयोग, सामाजिक तुलना र लतको सम्भावना जस्ता कारकहरूसँग सम्बन्धित छ जसले सामाजिक सञ्जालको प्रभाव व्यवस्थापन गर्न जागरुकता र रणनीतिहरूको आवश्यकतालाई प्रकाश पार्छ। मानसिक रोगका चुनौतीहरू सामना गरिरहेका धेरै व्यक्तिको जीवनमा सामाजिक सञ्जाल एक प्रमुख स्थान बनेको छ।**

**सामाजिक सञ्जालले व्यापकरूपमा वेब र मोबाइल प्लेटफर्महरूलाई बुझाउँछ जसले व्यक्तिहरूलाई भर्चुअल नेटवर्क (जस्तै– फेसबुक, एक्स, इन्स्टाग्राम, स्न्यापच्याट वा लिंक्डइन) भित्र अरूसँग जडान गर्न अनुमति दिन्छ, जहाँ उनीहरूले जानकारी, सन्देश, फोटो वा भिडियोहरूसहित विभिन्न प्रकारका डिजिटल सामग्रीहरू साझा गर्न, सह–सिर्जना गर्न वा आदानप्रदान गर्न सक्छन्।**

**सामाजिक सञ्जालको प्रकृति बलियो बन्दै गएको छ। यसको प्रयोगले मस्तिष्कको इनाम केन्द्रलाई सक्रिय बनाउँछ, डोपामाइन निस्कन्छ, जुन यौन, खाना र सामाजिक अन्तरक्रिया जस्ता आनन्ददायी गतिविधिहरूसँग सम्बन्धित 'राम्रो महसुस गर्ने रसायन' हो।**

**मानिस सामाजिक प्राणी हो। जीवनमा फस्टाउनका लागि हामीलाई अरूको साथ चाहिन्छ र हाम्रो सम्बन्धको बलले हाम्रो मानसिक स्वास्थ्य र खुसीमा ठूलो प्रभाव पार्छ। अरूसँग सामाजिकरूपमा जोडिनुले तनाव, चिन्ता र डिप्रेसन कम गर्न सक्छ, आत्ममूल्य बढाउन सक्छ, आराम र आनन्द प्रदान गर्न सक्छ, एक्लोपन रोक्न सक्छ र तपाइँको जीवनमा वर्षहरू पनि थप्न सक्छ । अर्कोतर्फ, बलियो सामाजिक सम्बन्धको अभावले तपाइँको मानसिक र भावनात्मक स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याउन सक्छ।**

**बढ्दो चिन्ता र डिप्रेसन– सामाजिक सञ्जालले अरूसँग निरन्तर तुलना, छुटेको डर र नकारात्मक वा आदर्श सामग्रीको सम्पर्कले चिन्ता जगाउन सक्छ। प्लेटफर्मको लत लाग्ने प्रकृतिले पनि अयोग्यता र एक्लोपनको भावना निम्त्याउन सक्छ जसले डिप्रेसनमा योगदान पुर्‍याउँछ।**

**सामाजिक तुलना– क्युरेट गरिएका अनलाइन प्रोफाइलहरूले प्रायः वास्तविकताको विकृत दृष्टिकोण प्रस्तुत गर्छन् जसले गर्दा प्रयोगकर्ताहरूले आफ्नो जीवनलाई प्रतिकूल रूपमा तुलना गर्छन् र अयोग्यता वा इर्ष्याको भावना अनुभव गर्छन्।**

**लत र नकारात्मक सुदृढीकरण– सामाजिक सञ्जाल प्लेटफर्महरू आकर्षक र पुरस्कृत हुने गरी डिजाइन गरिएका छन्, जसले प्रायः मस्तिष्कको पुरस्कार केन्द्रलाई सक्रिय बनाउँछ र डोपामाइन रिलिज गर्छ। यसले नकारात्मक मानसिक स्वास्थ्य परिणामहरू निम्त्याउने भए पनि बाध्यकारी प्रयोगको चक्र सिर्जना गर्न सक्छ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# श्रम आप्रवासनको भविष्य



• डा. गिरी पन्थी

नेपाल जस्तो विकासोन्मुख मुलुकमा श्रम आप्रवासन एक जटिल, बहुआयामिक र अपरिहार्य सामाजिक-आर्थिक प्रक्रिया बनेको छ। यो प्रक्रियाले नेपालको अर्थतन्त्र, समाज, संस्कृति र भविष्यलाई गहिरो रूपमा प्रभावित गरेको छ । आज नेपाली श्रमिक गाउँका खेतबारीदेखि विदेशका चम्किला सहर र कारखानासम्म फैलिएका छन् । उनीहरूको पसिना र परिश्रमले व्यक्तिगत परिवारको जीवन स्तर उकास्नुका साथै राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाएको छ। यो यात्रा अवसर र सम्भावनाले मात्रै भरिएको छैन यसमा गम्भीर चुनौती, जोखिम र नीतिगत कमजोरी पनि उत्तिकै छन्। नेपाली आप्रवासी श्रमिक केवल रेमिट्यान्सको स्रोत मात्र होइनन्, उनीहरू देशको विकासका साझेदार, सामाजिक परिवर्तनका संवाहक र आर्थिक समृद्धिका आधार स्तम्भ हुन् । उनीहरूको योगदानलाई नीति, कार्यक्रम र संस्थागत रूपमा सम्मान र समावेश नगर्दासम्म नेपालको श्रमिक अर्थतन्त्रको दीर्घकालीन दिगोपन सुनिश्चित हुन सक्दैन। नेपालले श्रमिकलाई विकासको केन्द्रमा राखेर उनीहरूको सिप, अनुभव र रेमिट्यान्सलाई रचनात्मक रूपमा उपयोग गर्न सक्यो भने समृद्ध र आत्मनिर्भर नेपालको सपना साकार हुने छ।

### श्रम आप्रवासनको वास्तविक चित्र

पछिल्ला दुई दशकमा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको सङ्ख्या तीव्र रूपमा वृद्धि भएको छ। वैदेशिक रोजगार विभागका अनुसार, हालसम्म करिब ७८ लाख नेपालीले वैदेशिक रोजगारीका लागि श्रम सम्झौता नवीकरण गरेका छन् । आर्थिक वर्ष २०८०/८१ मा मात्र ७,४१,९९६ नेपालीले वैदेशिक रोजगारीका लागि अनुमति लिएकोमा पुरुष ६,६१,८२५ (८९ प्रतिशत) र महिला ८०,१७१ (११ प्रतिशत) छन्। यो तथ्याङ्कले दैनिक करिब २,५०० नयाँ श्रमिक विदेश जाने र लगभग १,२०० स्वदेश फर्कने देखाउँछ। भारत जाने श्रमिकको सङ्ख्या यो तथ्याङ्कमा समावेश छैन, जसले वास्तविक सङ्ख्यालाई अझ ठुलो बनाउँछ । नेपाल सरकारले ११० देशलाई वैदेशिक रोजगारीका लागि कानुनी रूपमा खुला गरेको छ तर ७० प्रतिशत श्रमिक खाडी राष्ट्रहरू (कतार, साउदी अरब, युएई) र मलेसियामा केन्द्रित छन्। यी देशमा निर्माण, आतिथ्य, उत्पादन र घरेलु काममा नेपाली श्रमिकको उच्च माग छ।

रेमिट्यान्स नेपालको अर्थतन्त्रको मेरुदण्ड बनेको छ । नेपाल राष्ट्र बैङ्कका अनुसार, आर्थिक वर्ष २०८०/८१ मा रेमिट्यान्सबाट १२ खर्ब १५ अर्ब रुपियाँ प्राप्त भएको छ, जुन कुल गार्हस्थ उत्पादनको करिब २५ प्रतिशत हो । यो रकमले आयात खर्च, विनिमय दर स्थिरता, ग्रामीण अर्थतन्त्रको चलायमानता र उपभोग क्षमता वृद्धिमा प्रत्यक्ष योगदान दिएको छ। रेमिट्यान्सको उपयोगमा गम्भीर समस्या छ । एक अध्ययन अनुसार, ६४ प्रतिशत रेमिट्यान्स उपभोगमा, पाँच प्रतिशत ऋण तिर्नमा र केवल २.५ प्रतिशत उद्यमशीलतामा लगानी हुन्छ । बाँकी रकम अन्य प्रयोजनमा खर्च हुन्छ । यो प्रवृत्तिले रेमिट्यान्सको दीर्घकालीन उत्पादकत्वमाथि प्रश्न उठाउँछ।

श्रमिक आप्रवासनको अर्को गम्भीर पक्ष जोखिम हो । आर्थिक वर्ष २०८०/८१ मा १,३४६ श्रमिकको मृत्यु भएको र ७१० जना गम्भीर घाइते भएको तथ्याङ्कले वैदेशिक रोजगारीको खतरनाक पक्षलाई उजागर गर्छ। असुरक्षित कार्यस्थल, न्यून पारिश्रमिक, सम्झौताविपरीत काम, मानसिक दबाब र बिचौलियाको शोषणले श्रमिकको जीवन जोखिमपूर्ण बनेको छ । वैदेशिक रोजगार न्यायाधिकरणको कार्यालयमा हालसम्म करिब २०० मुद्दा दायर भएका छन्, जसमा केहीको फैसलासमेत भइसकेको पाइन्छ।

श्रम आप्रवासनलाई बुझ्न यसका प्रमुख प्रवृत्तिको विश्लेषण आवश्यक छ। पहिलो, देशभित्र रोजगारीका अवसरको अभाव, उच्च पारिश्रमिकको आकर्षण र वैदेशिक जीवनशैलीप्रतिको चाहनाले लाखौँ नेपालीलाई बिदेसिन प्रेरित गरेको छ। विशेष गरी ग्रामीण क्षेत्रका १८/३५ वर्ष उमेर समूहका युवा आर्थिक स्वतन्त्रता, परिवारको आर्थिक सुधार र व्यक्तिगत भविष्यका लागि बिदेसिन्छन्। यो प्रवृत्तिले स्वदेशमा दक्ष जनशक्तिको अभाव निम्त्याएको छ, जसले कृषि र निर्माण क्षेत्रमा श्रम सङ्कट उत्पन्न गरेको छ।

दोस्रो, खाडी राष्ट्र र दक्षिणपूर्वी एसियाली देश (मलेसिया, दक्षिण कोरिया) नेपाली श्रमिकका लागि प्रमुख गन्तव्य बनेका छन् । यी देशमा निर्माण, आतिथ्य, उत्पादन र घरेलु काममा नेपाली श्रमिकको माग उच्च छ। थोरै शिक्षा र न्यून सिप भएका श्रमिकका लागि यी क्षेत्र आकर्षक छन् तर कमजोर सिप स्तरले उनीहरूलाई न्यून तलब र जोखिमपूर्ण काममा सीमित गरेको छ । नेपालमा व्यावसायिक तालिम प्रणाली कमजोर भएकाले दक्ष जनशक्ति उत्पादनमा चुनौती छ । पछिल्ला वर्षमा नेपालबाट युरोपेली देशमा श्रम आप्रवासको प्रवृत्ति बढ्दै गएको छ, विशेष गरी रोमानिया, क्रोएसिया, माल्टा र पोल्यान्ड जस्ता देशमा । युरोपमा उच्च ज्याला, राम्रो कामको अवस्था र शैक्षिक अवसरले नेपाली कामदारलाई आकर्षित गरेको छ । उच्च भर्ती शुल्क र म्यानपावर एजेन्सीहरूको धोखाधडीले चुनौती थपेको छ। कामदारलाई झुटा वाचा र शोषणको जोखिम हुन्छ, जसले सुरक्षित आप्रवासका लागि सरकारी नियमन र सचेतनाको आवश्यकता देखाउँछ। युरोपमा राम्रो तलब र अवसर भए पनि नीतिगत सुधार र द्विपक्षीय सम्झौताले मात्र कामदारको हित संरक्षण गर्न सक्छ।

तेस्रो, लैङ्गिक सहभागितामा परिवर्तन देखिएको छ । पुरुषले वैदेशिक रोजगारीमा प्रभुत्व जमाएका छन्, पछिल्ला वर्षमा महिला श्रमिकको सङ्ख्या ११ प्रतिशत पुगेको छ । विशेष गरी घरेलु कामदारका रूपमा नेपाली महिला मलेसिया र खाडी राष्ट्रमा जान्छन् । उनीहरूले श्रम शोषण, यौन हिंसा र असुरक्षाको उच्च जोखिम भोग्छन्। नेपाल सरकारले केही देशमा महिला रोजगारीमा प्रतिबन्ध लगाए पनि अवैध मार्गबाट जाने प्रवृत्ति बढेको छ, जसले जोखिमलाई थप जटिल बनाएको छ।

चौथो, रेमिट्यान्समा अत्यधिक निर्भरता नेपालको अर्थतन्त्रको कमजोरी बनेको छ । रेमिट्यान्सले शिक्षा, स्वास्थ्य र आवासमा सकारात्मक प्रभाव पारे पनि यसको उत्पादनशील उपयोग नहुँदा दीर्घकालीन विकासमा बाधा पुगेको छ । विशेषज्ञहरूले चेतावनी दिएका छन् कि रेमिट्यान्समा आधारित अर्थतन्त्रले नेपाललाई 'रेमिट्यान्स इकोनोमी' मा सीमित गर्न सक्छ, जसले स्वदेशमा रोजगारी सिर्जना र उत्पादनमूलक क्षेत्रको विकासलाई बेवास्ता गर्छ।

पाँचौं, श्रम आप्रवासनले सामाजिक र आर्थिक असन्तुलन निम्त्याएको छ। युवाको विदेश पलायनले गाउँमा खेतीपाती छोडिएको छ, जसले खाद्य सुरक्षामा जोखिम बढाएको छ। परिवार छुट्टिनु, बालबालिकाको शिक्षामा समस्या, वृद्धजनको हेरचाहमा कमी र सामाजिक विचलनका घटना बढेका छन् । यी सामाजिक लागतले श्रम आप्रवासनको आर्थिक लाभलाई छायामा पार्ने खतरा छ।

### श्रमिक आप्रवासीको योगदान

नेपाली श्रमिक आप्रवासीले देशको सामाजिक र आर्थिक विकासमा अतुलनीय योगदान दिएका छन् । रेमिट्यान्सले अर्थतन्त्रको मेरुदण्डको काम गरेको छ । रेमिट्यान्सले ग्रामीण क्षेत्रमा पक्की घर, बालबालिकाको शिक्षा र निर्माण गतिविधि बढाएको छ। यो रकमले सरकारी विनिमय दर स्थिर राख्न र आयात खर्च धान्न पनि मद्दत गरेको छ । रेमिट्यान्सबाहेक, श्रमिकले विदेशमा सिकेका सिप, अनुभव र पुँजी नेपालको विकासका लागि सम्भावना बोकेका छन् । फर्किएका श्रमिकले कृषि, निर्माण, यातायात र होटल व्यवसायमा लगानी गरेका उदारण बढ्दै छन्। यस्ता लगानीले स्वदेशमा रोजगारी सिर्जना र आर्थिक गतिविधि विस्तारमा योगदान दिन्छ । साथै, वैदेशिक रोजगारीमा महिला सहभागिताले लैङ्गिक सशक्तीकरणलाई बल दिएको छ । ग्रामीण, दलित, जनजाति, मधेशी र विपन्न समुदायका युवाले आर्थिक आत्मनिर्भरता हासिल गर्दै सामाजिक परिवर्तनको आधार तयार पारेका छन् । यी योगदानले श्रमिक आप्रवासीलाई विकासका साझेदारका रूपमा स्थापित गर्छ।

### प्रमुख चुनौती

श्रम आप्रवासनका अवसरका बाबजुद यसका चुनौती गम्भीर छन् । पहिलो, श्रम शोषण र असुरक्षा प्रमुख समस्या हो । खाडी मुलुक र मलेसियामा नेपाली श्रमिक न्यून तलब, सम्झौताविपरीत काम, असुरक्षित कार्यस्थल, मानसिक दबाब र बिचौलियाको शोषणमा पर्छन् । मृत्यु र घाइते हुनेको तथ्याङ्कले यो अवस्थाको भयावहता देखाउँछ । दोस्रो, मानव तस्करी र अनौपचारिक आप्रवासनले श्रमिकलाई जोखिममा पारेको छ । दर्ता नभएका र अवैध मार्गबाट जाने श्रमिक दलालको चङ्गुलमा पर्छन्, जसले राष्ट्रिय श्रमिक सुरक्षामा प्रश्न उठाउँछ।

तेस्रो, फर्किएका श्रमिकको पुनः एकीकरणमा कमी छ। उनीहरूका सिप र अनुभव अनुसार रोजगारी, तालिम र लगानीमा पहुँचको अभाव छ। बैङ्किङ सेवा र सरकारी समर्थनको कमीले उनीहरू फेरि बिदेसिन बाध्य छन् । चौथो, श्रम आप्रवासनले सामाजिक र पारिवारिक असर निम्त्याएको छ । लामो समय परिवारबाट टाढा रहँदा विवाह विच्छेद, बालबालिकाको जोखिम, मानसिक स्वास्थ्य समस्या र सामाजिक विचलन बढेको छ । पाँचौं, महिला श्रमिकले विशेष जोखिम भोग्छन्। माहिला श्रमिक आप्रवासीको रेमिट्यान्समा ११ प्रतिशत योगदान छ तर शोषण, यौन हिंसा र अवैध मार्गबाट जाने प्रवृत्तिले उनीहरूको सुरक्षा चुनौतीपूर्ण छ।

छैटौं, नीतिगत र संस्थागत कमजोरीले श्रम आप्रवासनको प्रभावकारिता घटाएको छ । वैदेशिक रोजगार ऐन, २०६४ र अन्य नीतिहरूको कार्यान्वयन कमजोर छ । श्रम मन्त्रालयका कार्यक्रममा समन्वयको अभाव र श्रमिक अधिकार संरक्षणमा उदासीनता देखिन्छ । पुनर्स्थापना कोष र सामाजिक सुरक्षा कार्यक्रमहरू प्रभावकारी छैनन् । सातौँ, सिप उपयोगको समस्या छ। विदेशमा सिकेका सिपलाई स्वदेशमा रोजगारी र उद्यमशीलतामा उपयोग गर्न अवसर सीमित छन्। आठौँ, मानसिक स्वास्थ्य र सामाजिक सञ्जालको कमजोरीले श्रमिकलाई अलगाव र तनावमा राख्छ।

### सुधारका उपाय

नेपाल सरकारले श्रमिक हकहित र सुरक्षाका लागि सकारात्मक पहल गरेको छ। श्रमिक बिमालाई अनिवार्य गरिएको छ, वैदेशिक रोजगार नियमावली परिमार्जन भएको छ र दक्षिण कोरिया, कतार जस्ता देशसँग द्विपक्षीय सम्झौताले न्यूनतम तलब र सुरक्षित रोजगार सुनिश्चित गर्ने प्रयास भएको छ। अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यमा सिप तालिम कार्यक्रम विस्तार भइरहेका छन्, जसले 'ब्रेन ग्यान' को सम्भावना बढाएको छ। यी पहलको कार्यान्वयनमा कमी छ। निम्न उपायले श्रम आप्रवासनलाई दिगो र समृद्धिको साधन बनाउन सकिन्छ।

नीति र संस्थागत सुधारमार्फत वैदेशिक रोजगार ऐनलाई प्रभावकारी बनाउन, शून्य लागत वा रोजगारदाताले तिर्ने मोडल लागु गर्न र श्रमिकमैत्री द्विपक्षीय सम्झौतालाई कार्यान्वयनमुखी बनाउनु पर्छ । समन्वययुक्त र एकीकृत कार्यक्रम सञ्चालन गर्न संस्थागत सुधार आवश्यक छ। विदेश जाने श्रमिकलाई अनिवार्य, गुणस्तरीय र व्यावहारिक प्रि-डिपार्चर तालिम प्रदान गर्न सिप विकासमा लगानी गर्नु पर्छ । व्यावसायिक तालिमले उनीहरूलाई उच्च तलब र सुरक्षित रोजगारीका लागि सक्षम बनाउँछ । महिला श्रमिकको सुरक्षा सुनिश्चित गर्न, सुरक्षित गन्तव्य र नियमनयुक्त संस्थाको व्यवस्था गर्नु पर्छ।

अवैध मार्गबाट जाने प्रवृत्ति रोक्न नीतिगत सुधार र जागरूकता अभियान सञ्चालन गर्नु पर्छ । वैदेशिक रोजगारीमा ठगीका घटनाबाट पीडितलाई न्याय दिलाउन वैदेशिक रोजगार न्यायाधिकरणको कार्यलाई छिटो, प्रभावकारी र पीडितमुखी बनाउन आवश्यक छ। न्यायाधिकरणको कार्यप्रणालीमा सुधार आवश्यक छ।

फर्किएका श्रमिकलाई सिप अनुसार रोजगारी, तालिम र उद्यमशीलता योजनामा पहुँच प्रदान गर्न पुनःएकीकरण र स्वरोजगारका कार्यक्रम सञ्चालन गर्नु पर्छ। बैङ्किङ सेवा र सरकारी सहयोगले उनीहरूको आत्मनिर्भरता बढाउन मद्दत गर्छ। सामाजिक सुरक्षा, स्वास्थ्य, बिमा र पेन्सन प्रणालीलाई बलियो बनाउनु पर्छ। साथै कानुनी सहयोग, व्यावसायिक स्वास्थ्य, यौन र प्रजनन अधिकारको संरक्षण सुनिश्चित गर्नु पर्छ । श्रमिकको मानसिक स्वास्थ्य र पारिवारिक सम्बन्ध सुदृढ गर्न विशेष कार्यक्रम सञ्चालन गर्नु पर्छ। विस्तारले उनीहरूलाई सशक्त बनाउन सकिन्छ । रेमिट्यान्सलाई उत्पादनशील क्षेत्र, जस्तै कृषि, उद्योग र पर्यटनमा लगानी गर्न प्रोत्साहन गर्नु पर्छ। कर छुट, सहुलियत ऋण र लगानीका अवसर हरूले यो सम्भव बनाउन सक्छ। दैनिक श्रम सम्झौता र श्रमिक अधिकार संरक्षणका लागि पारदर्शी र प्रविधिमैत्री प्रणाली स्थापना गर्न प्रविधिमैत्री श्रम नियमनमा जोड दिनु पर्छ। युवा र फर्किएका व्यक्तिका लागि नेपालमा रोजगारीका अवसर सिर्जना गर्न आन्तरिक रोजगार प्रवर्धन बोर्ड स्थापना गर्नु पर्छ।

### निष्कर्ष

नेपाली श्रमिक आप्रवासी राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हुन् । उनीहरूको रेमिट्यान्स, सिप र अनुभवले नेपालको विकासमा ठुलो सम्भावना बोकेको छ। वैदेशिक रोजगारीमा आधारित अर्थतन्त्रबाट स्वदेशमै रोजगारी सिर्जना र उत्पादनमूलक क्षेत्रको विकासतर्फ अघि बढ्नु पर्छ । श्रमिकलाई विकासका साझेदार बनाएर, सुरक्षित र मर्यादित रोजगारी सुनिश्चित गरेर, रेमिट्यान्सलाई रचनात्मक लगानीमा उपयोग गरेर र पुनः एकीकरणमार्फत उद्यमशीलता प्रवर्धन गरेर नेपालले समृद्धिको मार्ग पहिल्याउन सक्छ। श्रमिक केवल पसिना बेच्ने मजदुर होइनन्, उनीहरू भविष्यका सम्भावना बोकेका विकासका आधार हुन्। सरकार, निजी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारको समन्वयमा यी सुधार लागु भएमा श्रम आप्रवासन नेपालको समृद्धिको सशक्त साधन बन्ने छ।

# कानुनको प्रभावकारिता मापन



• खुबिराम खनाल

कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानुनको सिद्धान्त हो। यसको सामान्य अर्थ कानुन सबैले जान्नु र मान्नु पर्छ भन्ने हुन्छ। कसैले प्रचलित कानुनको प्रतिकूल कुनै कार्य गरेमा सो कार्यको परिणाम तथा कानुनको ज्ञात नभएको भन्ने तर्क गरी आफूलाई बचाउ गर्न पाउँदैन, यस्तो कार्यलाई कानुनले उन्मुक्ति दिँदैन। सबैभन्दा माथि रहने कानुनका बारेमा प्रत्येक नागरिकले जानकारी हासिल गरेकै हुनु पर्छ भन्ने कानुनको सामान्य सिद्धान्त हो। यसको अर्थ सबै नागरिक कानुनको विज्ञ हुनु पर्छ भन्ने होइन तर पनि आफ्नो हक अधिकार तथा कर्तव्यको जानकारी र परिपालनाका लागि सामान्य रूपमा भए पनि कानुनको ज्ञान हामी सबै नागरिकमा हुनु आवश्यक छ।

सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद अन्त्य नभई देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा हुँदैन भनी २०६२/६३ सालमा गरिएको जनआन्दोलनको परिणाम स्वरूप जारी गरिएको नेपालको संविधानले नेपालको शासकीय संरचनामा आमुल परिवर्तन गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुकका रूपमा रूपान्तरण भएसँगै संघ, प्रदेश र स्थानीय तहलाई विधायिकी अधिकार प्रत्यायोजन गरेको छ।

विधायिकी अधिकार पाएसँगै संघ, सात वटा प्रदेश र ७५३ वटा स्थानीय तह गरी ७६१ ठाउँबाट विधायिकी अभ्यास गरी आआफ्नो क्षेत्राधिकारमा रहेर सयौँ कानुन निर्माण गरी सर्वसाधारणको जानकारीका लागि भन्दै क्रमशः नेपाल राजपत्र, प्रदेश राजपत्र र स्थानीय राजपत्रमा आफूले बनाएका कानुन प्रकाशित पनि गर्दै आएका छन्। सीमित मात्रमा छापिने राजपत्रमा प्रकाशित भएकै आधारमा मात्र ७६१ ठाउँबाट बनाइएका कानुन सबै नागरिकले थाहा पाउने अवस्था छैन। अर्कोतर्फ विधायिकाले आफूले बनाएका कानुनको प्रचारप्रसार गरी सोको जानकारी जनसमक्ष पुर्‍याउने माध्यम तथा कार्यक्रम पनि निकै कम छन्। यस्तो अवस्थामा सामाजिक मूल्य मान्यतालाई नियमन गर्न ल्याइएका कानुनका बारे जनतालाई थाहा हुने सम्भावना निकै न्यून हुन्छ। यस्तो अवस्थामा कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानुनको सामान्य सिद्धान्तको एकोहोरो रटानले मात्र कानुनको उद्देश्य पूरा हुन सक्दैन।

प्रथा, परम्परा, रीति, सदन, सबाल आदिबाट सुरु भएको हाम्रो विधायिकी अभ्यास राज्यको पुनर्संरचना सँगै यतिबेला ७६१ ठाउँबाट कानुन निर्माण हुने अवस्थासम्म आइपुगेको छ। निर्मित कानुन कार्यान्वयन र प्रभावकारिता कस्तो छ ? बनेका कानुनले समाज विकासमा सहजता आएको छ वा छैन ? बनाउनै पर्ने अत्यावश्यक कानुन निर्माण भएका छन् कि स्वार्थ समूहको दबाब र प्रभावमा परेर कानुनको निर्माण गर्ने गरिएको छ ? संघीय शिक्षा ऐनको माग गर्दै देशभरका शिक्षकहरूले पटक पटक राजधानी केन्द्रित आन्दोलन गर्नु, संघीय निजामती सेवा ऐनको माग गर्दै निजामती कर्मचारीले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय घेराउ गर्नु यसका पछिल्ला उदाहरण हुन्।

नेपालमा बेलायतमा विकसित कमन ल न्याय प्रणाली अवलम्बन गरिएको छ। यस प्रणालीको प्रभावकारिता अध्ययन नगरी जारी गरिएका कानुनले समाजमा कस्तो प्रभाव पारेका छन् भन्ने सम्बन्धमा अध्ययन नगरी कार्यान्वयनमा लगिएका कतिपय कानुनले समाजबाट अपनत्व प्राप्त गर्न सकेका छैनन्। नेपालको संविधानको भाग २७ मा व्यवस्था गरिएका संवैधानिक निकायको रूपमा रहेका आयोगको सङ्घीय संसद्ले संविधान प्रारम्भ भएको मितिले दस वर्ष पछि पुनरवलोकन गर्ने व्यवस्था गरेको छ। विडम्बना नै भन्नु पर्छ एकातिर सो भागमा व्यवस्था गरिएका कतिपय आयोगको काम, कर्तव्य र अधिकार स्पष्ट पार्ने कानुनसमेत बनिसकेका छैनन्, अर्कोतर्फ संवैधानिक व्यवस्थाबमोजिम यस भागमा रहेका आयोगहरूको पुनरवलोकन गर्ने समय नजिकिइसकेको छ।

विधायिकाले आफूले जन्म दिएको कानुनको

❖ बाँकी तेस्रो पृष्ठमा

# सांसदहरूको माग: केआईआईटीमा विद्यार्थी पठाउन बन्द गरौँ

झापा(प्रस) । राष्ट्रिय सभाका सदस्यहरूले भारतको ओडिसास्थित कलिङ्ग इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी(केआईआईटी)मा विद्यार्थी पठाउन बन्द गर्नुपर्ने माग गरेका छन् । साथै त्यहाँ जान चाहने विद्यार्थीलाई ' नो अब्जेक्सन लेटर (एनओसी)' दिन नहुनेमा उनीहरूले जोड दिएका छन् ।

राष्ट्रिय सभाको आइतवारको बैठकको आकस्मिक समयमा उनीहरूले केआईआईटीमा विद्यार्थी असुरक्षित भएको, एकपछि अर्को छात्राको शृङ्खलाबद्ध मृत्युले विद्यार्थीको सुरक्षाको प्रत्याभूति नभएको भन्दै एनओसी रोक्न सरकारको ध्यानाकर्षण गराएका

❖ बाँकी अन्तिम पृष्ठमा

# आधारभूत अस्पतालमा दन्त चिकित्सकको दरबन्दी राख्न माग

झापा(प्रस) ।नेपाल डेन्टल एसोसिएसनले आधारभूत अस्पतालको साङ्गठनिक संरचनामा दन्त चिकित्सकको दरबन्दी अनिवार्य गराउन माग गरेको छ । एसोसिएसनले विज्ञप्ति जारी गर्दै स्वास्थ्य मन्त्रालयलाई आधार भूत अस्पतालको साङ्गठनिक संरचनामा परिवर्तन गरि दन्त चिकित्सक अनिवार्य राख्न माग गरेको हो । "आधारभूत अस्पताल सञ्चालन मापदण्ड २०८१" वैशाख ८ गते मन्त्रीस्तरको निर्णयबाट स्वीकृत भएको थियो । उक्त मापदण्डमा दन्त चिकित्सकको दरबन्दी नराखेकोले एसोसिएसनले यस्तो माग राखेको एसोसिएसनका अध्यक्ष डा.प्रणय रत्न शाक्यले जानकारी दिए । यदि मन्त्रालयले बैशाख २६ गते सम्म आधारभूत अस्पतालको साङ्गठनिक संरचनामा दन्त चिकित्सकको दरवन्दी नराखे डेन्टल एसोसिएसन देशव्यापी आन्दोलन गर्न बाध्य हुने उनको भनाइ छ।

नेपाली जनताले पाउनुपर्ने आधारभूत स्वास्थ्य उपचारका लागि ५,१० र १५ शयया अस्पतालमा दन्त चिकित्सकको दरबन्दी नराखिनु अन्यायपूर्ण कदम भएको एसोसिएसनको ठहर छ । दन्त चिकित्सकको मात्र नभई नेपाली नागरिकलाई समेत आधार भूत स्वास्थ्य सेवाअन्तर्गत दन्त स्वास्थ्य सेवा प्राप्त गर्न भेदभाव गरेको एसोसिएनको आरोप छ ।

"दन्त चिकित्सक नेपालमा छ हजार उत्पादन भएको, तर स्थाई दरबन्दी सय जना पनि नरहेको अवस्थामा १५ शयया अस्पतालमा समेत दन्त चिकित्सकको दरबन्दी नराख्दा नेपाली नागरिकलाई सरकारले नै भेदभाव गरेको आभास भएको छ । तसर्थ, यो निर्णयलाई नेपाल सरकारले २०८२ वैशाख २६ गतेसम्म नसच्याए डेन्टल एसोसिएसनले देशव्यापी रुपमा आन्दोलन गर्न बाध्य हुनेछ," विज्ञप्तिमा उल्लेख छ ।

# दलितसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन

झापा(प्रस) ।राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले 'दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्था आवश्यकतासम्बन्धी प्रतिवेदन, २०८१' कार्यान्वयन गर्न निर्देशन दिएका छन् ।

आइतबार बसेको राष्ट्रियसभा बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले प्रस्तुत गरेको प्रतिवेदनमाथिको छलफलपछि अध्यक्ष दाहालले कार्यान्वयनका लागि मन्त्रालय र सम्बन्धित निकायलाई निर्देशन दिएका हुन् ।

प्रतिवेदनमाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकाले दलितको हक कार्यान्वयन गर्न विकास, आर्थिक मामिला तथा सुशासन समितिले निर्देशन दिएकाले कार्यान्वयन गरिने बताए । दलित प्राधिकरण विधेयक चालु अधिवेशनमै पेस गर्न निर्देशन प्राप्त भएकाले त्यसै अनुसार गर्ने तयारी भइरहेको पनि उनले जानकारी गराए ।

विधेयकको मस्यौदालगायत दस्तावेज सहमतिका लागि राष्ट्रिय दलित आयोगमा पठाइएको पनि मन्त्री गुप्ताले बताए ।

प्रतिवेदनमाथिको छलफलमा भाग लिँदै सांसद नारायणदत्त मिश्रले जन्मले सबै शुद्ध र संस्कारले ब्राह्मणलगायत जात हुने वेदको वचन भएकाले जातीय व्यवस्थाका बारेमा कामका आधारमा पुन परिभाषित गर्नुपर्नेमा जोड दिए ।

सांसद विष्णुबहादुर विश्वकर्माले सर्वोच्च अदालतले तीन महिनाभित्र बनाउन भनेको कानुन पनि अझै बन्न नसकेकाले दलित समुदायको विकासका लागि प्रतिवेदन पेस गरिएको बताए । सांसद कृष्ण अधिकारीले राष्ट्रिय दलित प्राधिकरण विधेयक छिटो ल्याउन माग गरे ।

# बच्चा जन्माई फालेको आरोपमा युवती पक्राउ

झापा(प्रस) । ओखलढुङ्गामा बच्चा जन्माएर फालेको आरोपमा १९ वर्षीया युवतीलाई प्रहरीले पक्राउ गरेको छ । आफैँले जन्माएको नवजात शिशु फालेको आरोपमा जिल्लाको चम्पादेवी गाउँपालिका-९ की युवतीलाई प्रहरीले पक्राउ गरेको हो ।



युवतीले गत १४ गते घरमा बच्चा जन्माई नजिकैको आफ्नै अर्को घरमा फालेकी थिइन् । इलाका प्रहरी कार्यालय रामपुर बरुणेश्वरबाट प्रहरी निरीक्षक मनिष लुईटेलको नेतृत्वमा खटिएको प्रहरी टोलीले उक्त शिशुको टाउको मात्र फेला पारेको छ ।

शिशुलाई कुकुरले खाँदै गरेको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । शरीरको अन्य भाग कुकुरले खाएको हुनसक्ने प्रहरीको अनुमान छ ।

जन्मनेवित्तिकै शिशु फालेको आरोपमा आइतबार बिहान उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक विजय कार्कीले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक कार्कीले बताए । अनुसन्धानका लागि युवतीलाई प्रहरीले सुनकोशी गाउँपालिका-७ च्यानमबाट पक्राउ गरेको हो ।

# खुला फुटसलको उपाधि योङ युथ धरानलाई

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडस्थित बिर्तामोड स्पोर्टस सेन्टरमा भएको प्रथम बिर्तामोड फुट-७ कप खुला फुटसल प्रतियोगिताको उपाधि योङ युथ एफसी धरानले जितेको छ ।

आइतवार साँझ भएको फाइनल खेलमा आयोजक बिर्तामोड स्पोर्टस सेन्टर 'ए' लाई पराजित गर्दै योङ युथ च्याम्पियन बनेको हो ।




योङ युथले आयोजकलाई ४-२ गोल अन्तरले हराएको हो ।

उपाधिसँगै धरानले नगद एक लाख, ट्रफी र मेडल प्राप्त गरेको छ । उपविजेतामा सीमित आयोजकले नगद ५० हजार, ट्रफी र मेडलमा चित्त बुझायो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार, ट्रफी र मेडल पाए भने उच्च गोलकर्ता र गोलकिपरले नगद पाँच हजार, ट्रफी र मेडल प्राप्त गरेका थिए ।

प्रतियोगिता बिर्तामोड-५ स्यालडाँगीनजिकै रहेको बिर्तामोड स्पोट्र्स सेन्टरद्वारा सञ्चालित फुटसल कोर्टमा विजेता तथा उपविजेतालाई सेन्टरका अध्यक्ष सञ्जीव प्रसाईं, सञ्चालक गणेश कटवाल, प्रमुख अतिथि झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङ, बिर्तामोड ३ का वडा अध्यक्ष मदन बुढाथोकी, ५ का वडा अध्यक्ष रोहित प्रसाईं, ६ का वडा अध्यक्ष सूर्यप्रसाद कन्दङवालगायतले पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगितामा नेपाल र भारतका ३२ वटा टिमको सहभागिता रहेको थियो । झापाका २०, सुनसरी, इलाम र पाँचथरका ९ तथा भारतका ३ टिम प्रतियोगितामा सहभागी थिए ।

# झापामा कोशी प्रदेशस्तरीय बक्सिङ प्रतियोगिताको तयारी

भद्रपुर(प्रस) ।झापामा कोशी प्रदेशस्तरीय बक्सिङ प्रतियोगिता हुने भएको छ ।

आउँदो जेठको पहिलो सातादेखि प्रतियोगिता गर्ने गरी झापा जिल्ला खेलकुद विकास समितिले तयारी थालेको समितिका अध्यक्ष




भेषराज भण्डारी 'प्रशान्त'ले जानकारी दिए ।

जिल्ला खेलकुद विकास समिति झापाको हालै सम्पन्न बैठकले झापाको अर्जुनधारामा आगामी जेठ ८ देखि १० गतेसम्म कोशी प्रदेशस्तरीय बक्सिङ प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको र कोशी प्रदेशका सबै जिल्ला खेलकुद विकास समिति र वक्सिङ संघहरुलाई प्रतियोगिता सम्बन्धमा पत्राचार गरिएको समितिका सदस्य एवम् प्रवक्ता जगन दुर्वासा कार्कीले जानकारी दिए । प्रतियोगिताको संयोजन कोशी प्रदेश खेलकुद विकास बोर्डले गर्ने बताइएको छ ।

स्वास्थ्य, सुरक्षा र आत्मरक्षाको दृष्टिकोणले खेलकुदको महत्वपूर्ण विधामा पर्ने वक्सिङप्रति युवाहरुको आकर्षण बढाउने र वक्सिङ खेललाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष भण्डारीले बताए ।

**एथलेटिक्स प्रशिक्षक विष्टलाई विदाइ**

एथलेटिक्स विधाको प्रशिक्षकको रुपमा झण्डै डेढ दशक झापा जिल्ला खेलकुद विकास समितिमा कार्यरत रही अनिवार्य अवकाश लिएकी नर्वदा विष्टलाई समितिले सम्मानसहित विदाइ गरेको छ । २०६९ सालदेखि झापा खेलकुद विकास समितिमा एथलेटिक्स प्रशिक्षकको रुपमा नियुक्ति लिई आफ्नो क्षमता र कुशलताबाट एथलेटिक्समा अब्बल खेलाडी उत्पादनमा सक्रिय भूमिका निर्वाह गर्दै यही बैशाख १५ गतेदेखि अवकाश लिएकी झापा दमक निवासी विष्टलाई समितिकै सभाहलमा आयोजित संक्षिप्त कार्यक्रमका बीच मायाको चिनोसहित सम्मानपत्र प्रदान गर्दै विदाइ गरिएको समितिका कार्यालय सचिव विष्णुकुमार नेम्बाङले जानकारी दिए ।

विष्टलाई अध्यक्ष भण्डारी, उपाध्यक्ष गंगा भुर्तेललगायत समितिका सदस्य, कर्मचारीहरुले खादा, माला पहिरयाएर सम्मानपत्र हस्तान्तरण गर्दै विदाइ गरेका थिए । सोक्रममा अध्यक्ष भण्डारीले विष्टको सेवानिवृत्त सफल जीवनको कामना गर्दै समितिले आवश्यकता अनुसार उनको एथलेटिक्स अनुभव र क्षमतालाई सधैँ उपयोग गर्ने बताए ।

# दमकको ढावा होटलमा महिला मृत फेला




दमक(प्रस) । झापाको दमक ६ स्थित ढावा होटल एण्ड लजमा आइतवार एक महिला मृत फेला परेकी छन् । इलाका प्रहरी कार्यालय दमकका अनुसार झापा शिवसताक्षी नगरपालिका वडा न. ११ ब्याङडाँडा घर भएकी अन्दाजी २७ वर्षीया करिश्मा निरौला मृत भेटिएकी हुन् । होटलको कोठामा उनी झुण्डिएको अवस्थामा मृत फेला परेकी प्रहरीले जनाएको छ ।

ती महिला शनिवार दिउँसो करिब १ बजेतिर होटलको कोठा लिएर बसेकी थिइन् । आइतबार बिहानसम्म सो कोठाको ढोका नखुलेपछि प्रहरी बोलाएर ढोका खोल्दा उनी गलामा पासो लगाएर पंखामा झुण्डिएको अवस्थामा भेटिएकी हुन् । उनको शव पोष्टमार्टमका लागि प्रहरीले परिवारसँग समन्वय गरेको थियो ।

ती महिला विवाहित भएपनि यसअघि नै सम्बन्ध विच्छेद गरिसकेकी बताइएको छ । उनी हालै बैदेशिक रोजगारबाट घर फर्किएकी थिइन् । होटल व्यवसायी संघका प्रदेश अध्यक्ष राजन दंगालका अनुसार ती महिला कोठामा बस्नका लागि एक्लै आएकी थिइन् । उनको मृत्यु सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान अघि बढाएको जनाइएको छ ।

**कानुनको ...**

रेखदेख गरेन भने त्यो कानुन गन्तव्यहीन हुन्छ । विधायिकाले बनाएको कानुन कार्यान्वयनको चरणमा के कस्ता समस्या आए ? त्यसमा कस्ता सुधार आवश्यक छ ? यस्ता कानुनप्रति आमनागरिकको के कस्तो प्रतिक्रिया रहेको छ ? कानुनप्रति आमनागरिकको चासो तथा कानुनबारे लक्षित वर्गमा जानकारी पुगे नपुगेको जस्ता प्रश्नमा आधारित रहेर कानुनको प्रभावकारिता अध्ययन आवश्यक छ । हामी विधायिकाले बनाएका कानुनबाट समाजमा सकारात्मक वा नकारात्मक के कस्तो असर परेको छ भन्नेबारे समीक्षा र विश्लेषण गर्ने, कानुनको प्रभावकारिता मापन गर्नुपर्ने उपयुक्त समयमा छौँ । कतिपय ऐन जारी भएपछि समयमा नियामावली र ऐनले तोकेका व्यवस्थालाई लागु नगरेका कारण पनि ऐन पूर्ण रूपमा प्रभावकारी हुन सकेका छैनन् । स्पष्ट व्यवस्था नभएका कारण कानुन कार्यान्वयनको अवस्था अध्ययन गरिएको छैन । कानुन निर्माण हुन्छन् तर कानुनको कार्यान्वयन पक्षको अनुगमन, मापन र मूल्याङ्कन निकै कम हुन्छ ।

नेपालको सार्वजनिक प्रशासन सञ्चालन गर्ने कानुनका रूपमा रहेको निजामती सेवा ऐन, २०४९ मा २०६४ सालमा महत्वपूर्ण संशोधन गरी निजामती सेवामा पदपूर्ति गर्दा समावेशिताका आधारमा गर्ने र आरक्षित समूहका लागि पदपूर्ति गर्ने व्यवस्थालाई प्रत्येक १० वर्षमा पुनरवलोकन गर्ने प्रावधान पनि सोही संशोधनमार्फत राखिएको थियो । हाम्रो कानुनी अभ्यासमा कानुन कार्यान्वयन तथा प्रभावकारिता मापनको अवधारणाको विकास भएको पाइन्छ । अहिलेसम्म कानुन कार्यान्वयन तथा प्रभावकारिता मापनको गरी कानुनको पुनरवलोकन गरिएको पाइँदैन । विधायिकाले आफूले बनाएको कानुनले घोषित उद्देश्य पूरा गरेको छ वा छैन ? बनाएको कानुन कार्यान्वयनमा रहेको छ वा छैन ? कार्यान्वयनमा के-कस्ता चुनौती रहेका छन् ? कानुनको कार्यान्वयनवाट नागरिकहरूमा के-कस्तो प्रभाव परेको छ ? कानुनलाई थप प्रभावकारी बनाउन के कस्तो संशोधन गर्न आवश्यक छ ? भनी कानुनको प्रभावकारिता मापन गरी त्यसको शिरोधर गरेमा मात्र कानुन आमनागरिकको आवश्यकता पूरा गर्ने औजारको रूपमा स्थापित हुन सक्छ ।

कानुनको प्रभावकारिता मापनका लागि कानुनको प्रगति विवरण सङ्कलन, विज्ञ तथा सरोकारवालासँग छलफल, अन्तर्क्रिया, विश्लेषण एवं पुनरावलोकन गरिनु आवश्यक छ । यसका लागि हरेक कानुन कार्यान्वयनमा ल्याइएको निश्चित अवधि पछि त्यसको प्रभावकारिता अनिवार्य रूपमा मापन तथा परीक्षण गरी सरकारले सम्बन्धित सदनमा अध्ययन प्रतिवेदन पेस गर्नुपर्ने बाध्यकारी व्यवस्था स्वयम् कानुनमा नै गर्नुपर्ने आवश्यक छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज मान्यजनको सुझाव अप्रिय लाग्नेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**वृष** साँझमा राम्रो खबर सुन्न पाइनेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।